च) धार्मिक वन

परापुर्व काल देखीको धार्मिकस्थल र त्यसको वरिपरीको वनको संरक्षणको लागि प्रचलित कानुन बमोजिम स्थापित कुनै धार्मिक निकाय, समुह वा समुदायलाई उक्त क्षेत्र वरपरको राष्ट्रिय वन धार्मिक वनको रूपमा संरक्षणको लागि हस्तान्तरण गर्न सक्ने वन ऐन, २०७६ मा रहेको व्यवस्था अनुरूप हालसम्म यस प्रदेशमा ९.५२.८१ र वन क्षेत्र ३३ वटा धार्मिक निकाय/समूह/समुदायलाई हस्तान्तरण गरिएको छ।

छ) संरक्षित क्षेत्र

लुम्बिनी प्रदेश संरक्षित क्षेत्रहरुमा पनि धनी प्रदेशमा पर्दछ। बाघ र हात्तीको लागी प्रसिद्ध बर्दिया र बाँके राष्ट्रिय निकुञ्ज तथा संरक्षित वन्यजन्तु कृष्णसारको संरक्षणको लागी छुटघाईएको कृष्णसार संरक्षण क्षेत्र तथा एक मात्र शिकार आरक्ष ढोरपाटन शिकार आरक्षको केही भाग पनि यसै प्रदेशमा पर्दछ। यसका साथै चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्रमा पर्ने थोरै वन क्षेत्र (करिब ११०० हे.) समेत यस प्रदेशको नवलपरासी (ब.सु.प) जिल्लामा पर्दछ।




ज) निजी वन



कुनै व्यक्ति वा संस्थाले आफ्नो निजी स्वामित्वमा रहेको हक भोगको दर्ता नम्बरी जग्गामा रुख विरूवा हुर्काई सम्बन्धित डिभिजन वन कार्यालय वा सब डिभिजन वन कार्यालयको सिफारिसमा निजी वन दर्ता गर्न स्थानीय तहमा निवेदन दिन सक्ने प्रावधान रहेको छ। साविकमा डिभिजन वन कार्यालयमा निजी वन दर्ता गर्ने प्रावधान रहेकोमा हाल वन ऐन, २०७६ पश्चात् स्थानीय तहमा दर्ता गर्ने व्यवस्था रहेको छ। हाल सम्म यस प्रदेशमा ९५९ वटा निजी वनहरु दर्ता भएका छन् जसको क्षेत्रफल ७९०.६२ हेक्टर रहेको छ।

३. वनको संरचनागत व्यवस्था

यस प्रदेशमा वन क्षेत्रको संरक्षण, विकास र व्यवस्थापन गर्न तथा नीतिगत रूपमा निर्णय र नेतृत्व गर्न वन तथा वातावरण मन्त्रालयको व्यवस्था गरिएको छ। मन्त्रालय मातहतमा कूल जम्मा १२३५ कर्मचारीको दरवन्दी स्विकृत भएको छ।



४. लुम्बिनी प्रदेशको वन स्रोतको तथ्याङ्क विवरण (२०८३ असार मसान्त सम्म)

सि. नं.	डि.व.का.	राष्ट्रिय वन														निजी वन	
		सामुदायिक वन						कबुलियती वन		धार्मिक वन		साझेदारी वन		चक्ला वन		वन संरक्षण क्षेत्र			
		सम्बर्द्धन प्रणालीमा आधारित भएका		सम्बर्द्धन प्रणालीमा आधारित नभएका		कूल		संख्या	क्षेत्रफल (हे.)	संख्या	क्षेत्रफल (हे.)	संख्या	क्षेत्रफल (हे.)	संख्या	क्षेत्रफल (हे.)	संख्या	क्षेत्रफल (हे.)	संख्या	क्षेत्रफल (हे.)
		संख्या	क्षेत्रफल (हे.)	संख्या	क्षेत्रफल (हे.)	संख्या	क्षेत्रफल (हे.)												
१	नवलवरासी ब.सु.प.	४१.००	११२१८.००	२१.००	७१६.७४	६२.००	११९३४.७४	०.००	०.००	१.००	९.००	१.००	१२०४.१०	०.००	०.००	०.००	०.००	७४.००	२८.२४
२	रुपन्देही	३८.००	८५७०.५०	७२.००	९०३४.९२	१११.००	१७६०५.४५	०.००	०.००	४.००	२७.४७	२.००	२०९४.३४	०.००	०.००	०.००	०.००	८५.००	९५.७८
३	कपिलवस्तु (कपिलवस्तु)	७१.००	१२७७१.३२	४.००	२२२.८०	७५.००	१३००५.१२	१.००	२.९८	४.००	२००.९५	२.००	८४४७.८४	०.००	०.००	०.००	०.००	१८.००	१३.०९
४	कपिलवस्तु (गौतमबुद्ध)	३२.००	९१०८.९५	२४.००	१७७१.२२	५६.००	१०८८०.१७	०.००	०.००	१.००	१०.६३	३.००	१०११६.७२	०.००	०.००	०.००	०.००	८०.००	१६४.८३
५	दाङ (देउखुरी)	८८.००	४०२४९.६०	६३.००	२१७७७.२५	१५१.००	६२०२६.८५	०.००	०.००	१.००	३७.५०	०.००	०.००	१.००	१६००.५७	०.००	०.००	४६.००	२२.८६
६	दाङ(दाङ)	८६.००	२६८४३.१०	३०५.००	४०४६६.१०	३९१.००	६७३०९.२०	०.००	०.००	५.००	११५.५२	०.००	०.००	१.००	५४१.६३	०.००	०.००	२४०.००	११२.००
७	बाँके	६४.००	१२७८१.२४	५५.००	१०६२१.६०	११९.००	२३४०२.८३	०.००	०.००	५.००	१००.०६	०.००	०.००	३.००	७४०५.४९	०.००	०.००	१४६.००	९९.२८
८	बर्दिया	११९.००	१५३८६.१५	१३३.००	५५६४.२६	२५२.००	२०९५०.४९	०.००	०.००	४.००	२१.६३	०.००	०.००	०.००	०.००	१.००	५७४१.८९	१४६.००	१५३.२२
९	रुकुम (पूर्वी भाग)	१.००	६६८.००	१५६.००	१७६२.९१	१५७.००	१८३३०.९१	२१.००	६५.९५	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	१०.००	४.२८
१०	रोल्पा	२.००	५६६.६६	५८५.००	५६८१५.६८	५८८.००	५७३८२.३४	५८.००	१७२.२९	१.००	०.७५	०.००	०.००	०.००	०.००	०.००	०.००	७.००	१३.०३
११	प्यूठान	१४.००	४४८७.८०	४४०.००	५२१२१.५४	४५४.००	५६६०९.३४	१८४.००	८०६.७६	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००	७.००	७.३९
१२	अर्घाखाँची	४५.००	५०९१.५५	४०१.००	३०३३२.८४	४४६.००	३५४२४.३९	०.००	०.००	०.००	०.००	०.००	०.००	२.००	६९६.०१	०.००	०.००	३७.००	४२.३३
१३	गुल्मी	३७.००	२८९७.७७	४१९.००	१५४२६.११	४५६.००	१८३२३.८८	११.००	५३.९०	२.००	१६६.८७	०.००	०.००	०.००	०.००	३.००	७०८८५.४३	१४.००	७.४९
१४	पाल्पा	२७७.००	१९३४७.५९	४३१.००	२२१५१.९१	७०८.००	४१४९९.५०	२०५.००	१६६८.४०	५.००	२६२.४३	०.००	०.००	०.००	०.००	०.००	०.००	४९.००	२६.८०
	जम्मा	९१६.००	१६९९८८.२५	३११०.००	२८४६९६.८८	४०२६.००	४५४६८५.९३	४८०.००	२७७०.२८	३३.००	९५२.८१	८.००	२१८६३.००	७.००	१०२४७.८०	४.००	७६२७.३२	९५९.००	७९०.६२

लुम्बिनी प्रदेशमा वन

(अवस्था, व्यवस्थापन, संरचना र तथ्याङ्क)



लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
बुटवल, रुपन्देही
२०८३
फोन नं. ०७१-५७२२६८
E-mail: forestdirectorate5@gmail.com
Website: https://pfdir.lumbini.gov.np

१. लुम्बिनी प्रदेशमा वनको अवस्था

लुम्बिनी प्रदेशको कूल क्षेत्रफल १९,१९,४१७ हेक्टर रहेको छ जुन देशको कूल क्षेत्रफलको १३.०१ प्रतिशत भू-भाग हुन आउँछ। यस प्रदेशमा १०,४९,४०८ हे. वन क्षेत्र तथा अन्य काष्ट क्षेत्र (Other wooded land) ४५,०६९ हे. गरी कूल जम्मा १०,९४,४७७ हेक्टर वन क्षेत्रले ओगटेको देखिन्छ (FRTC, 2024)। यस प्रदेशमा देशको कूल वन क्षेत्रको १६.१० प्रतिशत र प्रदेशको कुल क्षेत्रफलको ५७.०२ प्रतिशत क्षेत्र वन तथा अन्य काष्ट क्षेत्रले ढाकेको पाइन्छ।

यस प्रदेशमा वर्दिया राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्षको केही भागको अलावा बाँके र वर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र र चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र (केही भाग नवलपरासी ब.सु.प.मा पर्ने) गरी कुल २,७९,४५८ हे. क्षेत्र संरक्षित क्षेत्रले ओगटेको छ। जसमध्ये संरक्षित क्षेत्रमा १,८५,१०२ हे. वन क्षेत्र रहेको पाइन्छ।

- क्षेत्रफलको आधारमा यस प्रदेशमा सबैभन्दा बढी वन क्षेत्र दाङ जिल्लामा रहेको छ भने सबैभन्दा कम नवलपरासी (ब.सु.प.) जिल्लामा रहेको छ ।
- यस प्रदेशका १८ वटा स्थानीय तहमा १००० हे. भन्दा कम वन क्षेत्र रहेको छ भने ९ वटा स्थानीय तहमा वन क्षेत्र शुन्य रहेको छ।
- यस प्रदेशको चुरेमा सबैभन्दा धेरै वन क्षेत्र (४२४,२०० हेक्टर) र सबैभन्दा कम वन क्षेत्र उच्च हिमालमा (६,४७० हेक्टर) रहेको छ।
- राष्ट्रिय वन स्रोत सर्भेक्षण प्रतिवेदन, २०१५ ले पहिचान गरेका मध्ये यस प्रदेशमा वनलाई १२ प्रकारमा विभाजन गरिएको छ । उक्त वनहरुमध्ये सबैभन्दा बढी तराई मिश्रित चौडापाते वन (Terai Mixed Hardwood Forest) ४३.०५ प्रतिशत रहेको पाइन्छ, दोश्रोमा साल वन (Shorea robusta Forest) २३.२७ प्रतिशत तेस्रोमा तल्लो मिश्रित चौडापाते वन (Lower Mixed Hardwood Forest) ११.७९ प्रतिशत चौथोमा खोटेसल्लाको वन (Pinus roxburghii Forest) ८.६९ प्रतिशत भने बाह्रौमा (सबैभन्दा कम) भोजपत्रको वन (Betual utilis Forest) क्षेत्र ०.०५ प्रतिशत रहेको पाइन्छ।
- मुख्य चार प्रजाती (तराई मिश्रित चौडापाते वन, साल वन, तल्लो मिश्रित चौडापाते वन र माथिल्लो मिश्रित चौडापाते वन) को मात्र वन क्षेत्रलाई हेर्ने हो भने करिब २३.९६ प्रतिशत वन क्षेत्र ८.५ डिग्रीसम्मको भिरालो क्षेत्रमा, ४८.५४ प्रतिशत वन क्षेत्र १९ डिग्रीसम्मको भिरालो क्षेत्रमा र ७७.८ प्रतिशत वन क्षेत्र ३१ डिग्रीसम्मको भिरालो क्षेत्रमा रहेको पाइन्छ। (DFRS, 2018)

२. वन व्यवस्थापन पद्धति अनुरूप वनको व्यवस्थापन

जमिनको स्वामित्वको आधारमा वनलाई दुई भागमा बाँडिएको छ। राष्ट्रिय वन र निजी वन। सरकारको स्वामित्वमा रहेको वन राष्ट्रिय वन हो भने निजी व्यक्तिको स्वामित्वमा रहेको वन निजी वन हो। राष्ट्रिय वनलाई व्यवस्थापन गर्नको लागि सरकारले वनलाई विभिन्न प्रकारमा बाँडिको छ।


क। सामुदायिक वन ख। साझेदारी वन ग। कवुलियती वन
घ। धार्मिक वन ङ। सरकारद्वारा व्यवस्थित वन
च। वन संरक्षण क्षेत्र

यस बाहेक नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ति क्षेत्रको रूपमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संरक्षित क्षेत्रको रूपमा छुट्टै व्यवस्थापन गर्दै आएको छ । सो संरक्षित क्षेत्रको व्यवस्थापन संघिय सरकारको क्षेत्राधिकार भित्र पर्दछ भने अन्य राष्ट्रिय वनको प्रदेश सरकारको क्षेत्राधिकार भित्र पर्दछ।

वन क्षेत्र व्यवस्थापनको लागि नीतिगत, कानूनी तथा संरचनागत व्यवस्था

राष्ट्रिय वन नीति, २०७५, वन ऐन, २०७६, वन नियमावली, २०७९, नेपाल सरकारको सोह्रौ आवधिक योजना एवं लुम्बिनी प्रदेशको दोश्रो आवधिक योजना, प्रदेश वन ऐन, २०७८, प्रदेश वन नियमावली, २०७९, सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड, २०७९, वन पैदावर आपूर्ति समितिको निर्देशिका, २०७९, वन क्षेत्र भित्रका खोलाखोल्सी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१, वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य आदि

यस प्रदेशमा वनलाई व्यवस्थापनको आधारमा निम्नानुसार वर्गीकरण गरिएको छ।



क) सरकारद्वारा व्यवस्थित वन/चक्ला वन

सरकारद्वारा व्यवस्थित वन भन्नाले वन विकास लगायत अन्य क्रियाकलाप गर्नको लागि स्वीकृत कार्ययोजना अनुसार सरकारले व्यवस्थापन गरिएको राष्ट्रिय वनलाई जनाउँछ। सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन सम्बन्धित डिभिजन वन कार्यालयले गर्ने गर्दछ।

क्र. सं.	चक्ला वनको विवरण	डिभिजन वन कार्यालयहरु				जम्मा
		दाङ (दाङ)	दाङ (देउखुरी)	बाँके	अर्घाखाँची	
१	संख्या	१	१	३	२	७
२	क्षेत्रफल (हे.)	५४५.६३	१६००.५७	७४०५.५९	६९६.०१	१०२४७.८०

(स्रोतः सम्बन्धित डिभिजन वन कार्यालय, २०८३)

ख) वन संरक्षण क्षेत्र



राष्ट्रिय वनको कुनै भाग वा भूपरिधी क्षेत्र जुन, राष्ट्रिय वा अन्तर्राष्ट्रिय दृष्टिकोणले वातावरणीय, पारिस्थितिकीय, वैज्ञानिक वा सांस्कृतिक महत्वको वन क्षेत्र, वा जलाधार संरक्षणको हिसाबले संवेदनशील वन क्षेत्र, वा संरक्षित क्षेत्र बाहिर रहेको वन, वनस्पति, वन्यजन्तु संरक्षणको लागि व्यवस्थापन गर्न आवश्यक रहेको, वा पर्यापर्यटन विकास गर्न उपयुक्त देखिएको वन क्षेत्र नेपाल सरकार, वन क्षेत्र हेर्ने मन्त्रालयले प्रदेश मन्त्रालयको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष कार्ययोजना बनाई वन संरक्षण क्षेत्रको रुपमा घोषणा गर्न सक्ने व्यवस्था रहेको छ।

क्र. सं.	वन संरक्षण क्षेत्र	जिल्ला	घोषणा मिति	क्षेत्रफल
१	मदाने	गुल्मी	२०६७/११/१६	१३७६१.००
२	खाता	वर्दिया	२०६८/११/१५	५७४१.८९
३	रेसुङ्गा	गुल्मी	२०७४/११/२८	१९२८१.३७
४	थाप्ले सत्यवती सालिमेदह	गुल्मी	२०७४/११/२८	३७४८३.०६
जम्मा				७६६२७.३२

(स्रोतः सम्बन्धित मितिका नेपाल राजपत्र)

ग) साझेदारी वन



सरकारद्वारा व्यवस्थित वनको कुनै भाग वनको विकास र दिगो व्यवस्थापन गरी अर्थतन्त्रमा टेवा पुर्याउन, वन क्षेत्रको नजिकै वा टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी गराई त्यस्ता उपभोक्तालाई वन पैदावारको आपूर्ति व्यवस्था गर्न, वन क्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्न तथा खाली क्षेत्रको उपयोग गर्न, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्न र उपभोक्ताको जिविकोपार्जनमा सुधार ल्याउने उद्देश्य राखी डिभिजन वन कार्यालय, स्थानीय तह र वन उपभोक्ताको साझेदारीमा गरिने वन व्यवस्थापन नै साझेदारी वन व्यवस्थापन हो।

क्र. सं.	साझेदारी वनको विवरण	डिभिजन वन कार्यालय				जम्मा
		नवलपरासी	रुपन्देही	कपिलवस्तु	गौतमबुद्ध	
१	संख्या	१	२	२	३	८
२	क्षेत्रफल (हे.)	१२०४.१	२०९४.३	८४४७.८४	१०११६.७	२१८६३.०६
३	आबद्ध घरधुरी	१०५२५	६१११२	४१०००	३६९८४	१४९६२१
४	आवद्ध जनसंख्या	५८२३६	२९३४२७	२७८५४७	२५८०७४	९१८८९२

(स्रोतः सम्बन्धित डिभिजन वन कार्यालय, २०८३)

घ) सामुदायिक वन



वन ऐन, २०७६ अनुसार सामुहिक हितका लागि कुनै वनको संरक्षण, विकास र व्यवस्थापन गरी वन पैदावारको उपयोग गर्न चाहने त्यस्तो वनका सम्बन्धित उपभोक्ताले उपभोक्ता समुह गठन गरी वनको विकास, संरक्षण, उपयोग, व्यवस्थापन गरी वन पैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी बिक्रि वितरण गर्न पाउने गरी राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रूपमा कार्ययोजना तयार गरी व्यवस्थापन गर्न सक्ने व्यवस्था रहेको छ।

यस प्रदेशमा २०८३ असार मसान्तसम्म डिभिजन वन कार्यालयहरूबाट प्राप्त तथ्यांक अनुसार ४०२६ वन उपभोक्ता समूहलाई ४,५४,६८५.१३ हेक्टर राष्ट्रिय वन क्षेत्र सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको छ । सामुदायिक वन उपभोक्ता समूहमा ६,७५,९५१ घरधुरी समावेश भएका छन् ।

ङ) कवुलियती वन



डिभिजन वन कार्यालयले राष्ट्रिय वनको कुनै भाग गरिबीको रेखामुनि रहेका जनताको गरिबी न्यूनीकरणको लागि कार्ययोजना बनाई वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम सञ्चालन गर्न त्यस्ता जनताको समुहलाई कवुलियती वनको रूपमा सुम्पन सक्ने प्रावधान अनुरुप यस प्रदेशमा गरिबीको रेखामुनि रहेका ४८० समूहका ४९,४४ घरधुरीहरुलाई २७७०.२८ हेक्टर वन क्षेत्र हस्तान्तरण भैसकेको छ।